# इटहरी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## इटहरी, सुनसरी
## कोशी प्रदेश, नेपाल

प.स.२०८२।०८३
च.नं.

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/१८

विषयः प्राङ्गारिक मल प्रयोगमा अनुदान कार्यक्रमका लागि सूचिकरण सम्बन्धि सूचना ।

प्रस्तुत विषयमा यस इटहरी उपमहानगरपालिका कृषि विकास शाखाको आ.ब.२०८२।०८३ को स्वीकृत प्राङ्गारिक खेती प्रवद्धनका लागि प्राङ्गारिक/जैविक/जिवाणु मल प्रयोगमा अनुदान कार्यक्रम कार्यन्वयनका लागि यो सूचना प्रकाशन गरिएको छ यस कार्यक्रम मार्फत नियमानुसार सम्बन्धित निकायमा दर्ता भएका कोशी प्रदेश भित्रका प्राङ्गारिक/जैविक/जिवाणु लगायतका प्राङ्गारिक मल उत्पादकले कृषकहरुलाई मल विक्रि गर्दा यस कार्यलयले उपलब्ध गराउने प्रति के.जी. रु.१०।- का दरले सहुलियत/अनुदान प्रदान गरी विक्रि वितरण गर्न इच्छुक भएमा यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहाय बमोजिमका कागजात सहित यस कार्यालयमा सूचिकृत हुन आव्हान गरिन्छ ।

<u>देहाय</u>

१.ब्यबसाय दर्ता भएको प्रमाण पत्र, PAN/VAT दर्ता प्रमाण-पत्र र कर चुक्ता प्रमाण -पत्र ।
२. प्राङ्गारिक/जैविक/जिवाणु मल उत्पादन परिमाण,सहुलियतमा उपलब्ध गराउन सक्ने मलको परिमाण र उपलब्ध हुने स्थान ।
३. खरिद गर्न चाहने कृषकहरुको लागि न्यूनतम विक्रि मुल्य ।
४.मलको सरकारी निकायबाट मान्यता प्राप्त प्रयोगशालाको प्रतिवेदन ।

मानबहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

<u>अवगतार्थः-</u>

श्री नगर प्रमुखको सचिवालय इटहरी उपमहानगरपालिका ।
श्री नगर उप- प्रमुखको सचिवालय इटहरी उपमहानगरपालिका ।
श्री सूचना प्रविधि शाखा- सवै वडा कार्यालय र web site मा अपलोड गरिदिनु हुन ।